# माडी गाउँपालिका

## लुम्बिनी  प्रदेश, नेपाल

## वार्षिक नीति तथा कार्यक्रम

## आ.व. २०७९/८०

२०७९ असार ८ गते

आर्थिक वर्ष ०७९ /०८० को पहिलो गाउँ सभा तथा यस गाउँपालिकाको बाह्रौ गाउँसभामा

,यस सम्मानित सभाका सदस्यज्यूहरु,

राजनैतिक दलका प्रतिनिधिहरु,

अन्य कर्मचारी मित्रहरु,

पत्रकार तथा सुरक्षाकर्मी मित्रहरु,

सम्पूर्णमा नमस्कार

**पृष्ठभूमि**

नेपाली समाजलाई राजनैतिक आर्थिक लगाएतको क्षेत्रमा रुपान्तरण गरी अब्बल र समृद्ध देश नेपाल विश्व सामु चिनाउने महान उद्धेश्य राखी वि. सं २००६/२००७ साल वरीपरी देखि २०२८ को झापा विद्रोह, २०३६ सालको बहुदल वा निर्दल बारे जनमत संग्रह, २०४६ सालको पंचायती शासन विरुद्धको जनआन्दोलन, २०५२ देखि २०६२ सम्मको महान जनयुद्ध र २०६२/०६३ सालको वृहत जन आन्दोलन यी तमाम समय तथा  काल खण्डमा गरी करिव ७० वर्ष लामो संघर्ष र बलिदानबाट प्राप्त संघीयता, गणतन्त्र, धर्म निरपेक्षता र समावेशीताको कार्यान्वयनको चरण वा प्रकृयामा यति बेला हामी छौं ।यो सन्दर्भमा हरेक परिवर्तनमुखी आन्दोलनमा बलिदानको कोटा पुरा गर्न आफुलाई बलिभेडीमा चढाएर महान उपलब्धीसँग अमूल्य रगत साट्नुहुने महान शहिदहरु प्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहान्छु, र यी परिवर्तनको प्रकृयामा घाईते अपाङ्ग भई अपाङ्ग जीवन व्यतित गरिरहेका सम्पूर्ण घाईते अपाङ्गहरुको स्वास्थ्य लाभको कामना गर्दछु । शहिदका सपना र आम नेपाली जनताको चाहाना तत्कालका लागि सापेक्षित रुपमा २०७२ सालको संविधानमा सुनिश्चित भएको छ । बाँकी सपना र चाहानाहरु पुरा गरी वैज्ञानिक समाजवाद मानव समानताको सुन्दर समाजमा पुग्न हाललाई वर्तमान संविधान र संविधानले प्रदान गरेको हक र अधिकारलाई उपयोग र कार्यान्वयन गर्नुको विकल्प छैन ।

**समिक्षा**

नेपालमा संविधानले सुनिश्चितता गरेको तीन तहका सरकार मध्ये जनताको नजिकमा रहेको सरकार स्थानीय सरकार हो। कुनै पनि सरकारका आफ्ना अवयवहरु खडा भएका हुन्छन् । मुलतः सरकारका तीन क्षेत्रहरु कार्यपालिका, न्यापालिका र व्यवस्थापिका नभई  सरकार, सरकारको रुपमा चल्न सक्दैन । यी तीन वटा संवैधानिक अङ्गहरुको क्षेत्रमा मुख्य भूमिका सरकार संचालनमा एकले अर्कोलाई चेक एण्ड व्यालेन्स (नियमन) गर्नु हो । जसका लागि ऐन, कानून र कार्यविधि जरुरी छ ।

यहानेर स्थानीय सरकार संचालनमा रहेका जनप्रतिनिधि, पार्टी वा नेताहरु विभिन्न सामाजिक क्षेत्रका अगुवा र आम जनताले एउटा समिक्षा गर्नुपर्दछ कि संघीय संरचनात्मक व्यवस्था असफल हुने तिर गइरहेको भन्ने होइन कि स्थानीय सरकारहरु सवल, सक्षम र वलियो हुनको लागि जनप्रतिनिधि र कर्मचारीको अनुभव

क्षमता र विज्ञता जरुरी रहन्छ । हाम्रो माडी गाउँपालिकाको सन्दर्भमा माथी उल्लेखित समस्याहरुबाट क्रमश: अनुभव, क्षमता विकास, ऐन, कार्यविधि निर्माण र कार्यान्वयनमा गइरहेका छौं र सरकारको रुपमा आत्मनिर्भर सवल सक्षम र बलियो हुने प्रक्रियामा छौं ।

**२०७८/०७९ को संक्षिप्त समिक्षा**

गत आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम अर्थात सभाबाट पारित भएका योजनाहरु ठेक्का लागेका र केही दोस्रो गाउँसभाबाट संशोधन गरिएका योजनाहरु भुक्तानी लिन बाँकी र कार्यसम्पन्न गर्न बाँकी रहेतापनि निर्धारित समय भित्र सम्पूर्ण योजना सम्पन्न हुने छन् । नेपालको विकास प्रणाली असारे विकास गर्नु यो महारोग हामीमा पनि रही आएको छ । यद्धपि यस्ता ढिला सुस्ती नगरी छिटो जनतालाई विकास दिने प्रयत्न भने नभएको होइन । योजना संचालनका लागि समय, सिजन र कार्यालयबाट हुनुपर्ने सबै स्वास्थ्य शिक्षा, कृषि खानेपानी तथा भौतिक पूर्वाधारको क्षेत्रमा उल्लेखनीय काम भएका छन् ।

**आ.व ०७८/०७९ को अनुमानित बजेट रु ४१,०७,७४,७७०।–. (एकचालीस करोड सात लाख चौरहत्तर हजार सात सय सत्तरी मात्र ) मध्ये चालु तर्फ रु २७,५७,६८,९७०।- (सत्ताइस करोड सन्ताउन्न लाख अरसठ्ठी हजार नौ सय सत्तरी मात्र ) र पुँजीगत तर्फ रु १३,५०,०५,८००।- (तेह्र करोड पचास लाख पाँच हजार आठ सय मात्र) विनियोजित गरिएको थियो । आज मिति २०७९/०३/८ गते सम्म यस सम्मानीत सभामा वास्तविक खर्च प्रतिशतमा ६५.४७ % चालु तर्फ र ३७.२% पुंजीगत तर्फ भएको जानकारी गराउँछु ।**

**यस सम्मानीत सभामा सहभागी सम्पूर्ण महानुभावहरु,सभाका सदस्य ज्यूहरु,**

**अब म आ.व.२०७९/०८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु । यस आ.व.मा हाम्रो गा.पा.को जम्मा बजेट रु.३९०११६००० (उनानचालीस करोड एक लाख सोह्र हजार मात्र)रहेको छ। जस मध्ये**

- समानीकरण अनुदान रु. ८,८६,००,०००।- (आठ करोड छ्यासी लाख मात्र )
- शसर्त अनुदान रु. १५,५४,००,०००- (पन्ध्र करोड चौपन्न लाख मात्र )
- विशेष अनुदान रु. १,५०,००,०००।- (एक करोड पचास लाख मात्र )
- सम्पुरक रु. ४०,००,०००- (चालीस लाख मात्र )

राजश्व वाँडफाँड संघीय सरकार रु. ८,१३,३९,००० ।- (आठ करोड तेह्र लाख उनानचालीस हजार मात्र

**प्रदेश सरकार अन्तर्गत जम्मा रु. १,२६,२४,००० ।- ( एक करोड छब्वीस लाख चौवीस हजार मात्र।)**

- वित्तीय समानीकरण रु. ४६,२४,००० ।- (छ्यालीस लाख चौविस हजार मात्र)
- शसर्त अनुदान रु. ८०,००,००० ।- (असी लाख मात्र )
- वेशेष अनुदान रु. ६०,००,००० ।- (साठी लाख मात्र )

- सम्पुरक अनुदान रु.१,५०,००,००० ।- ( एक करोड पचास लाख मात्र )

प्रदेश सरकार राजश्वबाडफाँड रु. ५६,५३,००० ।- ( छपन्न लाख त्रिपन्न हजार मात्र )

**गाउँपालिका अन्तर्गत जम्मा रु.६५,००,००० ।- (पैसठ्ठी लाख मात्र।)**

- गाउँपालिकाको अन्तरिक श्रोत तर्फ रु. ३५,००,००० ।- ( पैतीस लाख मात्र )
- गाउँपालिकाको अल्या तर्फ रु ३०,००,००० ।- ( तीस लाख मात्र )

नीति तथा कार्यक्रमको परिकल्पना वा लक्ष्य निर्धारण गर्दा गाउँपालिका र जनताको तत्कालीन आधारभूत कुरा र केही दिर्घकालीन महत्वको कुरालाई सम्वोधन हुने गरी नीति तथा कार्यक्रम बन्न सक्नु पर्दछ । तर हाम्रो चुनौती सीमित श्रोतले धेरै समस्याहरु समेट्न खोज्दा वजेट वितरण मुखी हुने र योजना दिगो नभई कम्जोर बन्ने परिणाममुखी र दिगो विकास गर्न खोज्दा तत्कालीन समस्याहरु समाधान नहुने यी अप्ठ्यारो बीचबाट नीति तथा कार्यक्रमहरु निर्धारण गरेको छु ।

आगामी आ.व. २०७९/०८० को नीति तथा कार्यक्रम निर्माण गर्दा गाउँपालिकाको निम्न विषयलाई आधारको रुपमा लिईएको व्यहोरा यहाँ प्रस्तुत गर्न चाहन्छु ।

- नेपालको संविधान, २०७२ (राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु )
- स्थानीय सरकार संचालन ऐन, २०७४
- अन्तर- सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि,२०६९
- बालमैत्री स्थानीय शासन कार्यविधि तथा रणनीति,२०६८
- स्थानीय निकाय लैंगिक परिक्षण कार्यविधि, २०६८
- नेपाल सरकारको नीति तथा कार्यक्रम र चालु वजेट
- प्रदेश सरकारको नीति तथा कार्यक्रम
- स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन, २०७४
- बहुक्षेत्रीय पोषण योजना दोस्रो (२०७५/७६-०७९/८०)
- गाउँपालिकाका चालु ऐन, नियम, कार्यविधि र निर्देशिकाहरु
- नेपाल सरकारको चालु पन्ध्रौं योजना
- दिगो विकास लक्ष्य २०१६-२०३०

**सामाजिक विकास तर्फः**

**१. स्वास्थ्य :**

१. अत्यावश्यक औषधी उपकरण तथा स्वास्थ्य सामग्रीहरुको उपलब्धतामा कमी आउन नदिन आवश्यक वजेट विनियोजन गरी खरिद तथा आपूर्ति व्यवस्थालाई सहज बनाइनेछ ।

२. अति आवश्यक स्वास्थ्य सेवा प्रवाह गर्न जनशक्ति अभाव भएको स्वास्थ्य संस्थामा करार सेवामा कर्मचारी भर्ना गर्ने व्यवस्था गरिनेछ, साथै सेवाग्राहीहरुका चापलाई मध्यनजर गर्दै आवश्यकता र औचित्यको आधारमा स्वास्थ्यका हाल कार्यरत (मौजुदा) जनशक्तिलाई आवश्यकतानुसार परिचालन तथा खटनपटन गर्ने नीति अवलम्वन गरिनेछ ।

३. स्वास्थ्यका सूचकांकहरुका बारेमा नियमित छलफल गर्न मासिक बैठक, अर्धवार्षिक र वार्षिक समिक्षा गोष्ठी संचालन गर्नका लागि आवश्यक व्यवस्था गरिनेछ ।

४. गाउँपालिका क्षेत्रभित्र संचालन भएका निजी अस्पताल, क्लिनिक तथा औषधी पसलहरुको अनुगमन गरी मापदण्ड अनुसार संचालन गर्न पहल गरिनेछ ।

५. महामारी तथा मनसुनजन्य विपदलाई मध्यनजर गरी उक्त विपद्लाई रोकथाम तथा व्यवस्थापन गर्न अत्यावश्यक औषधीहरु First Aid Kit Box खरिद गर्न र पालिका तथा वडा स्तरीय विपद् व्यवस्थापन समिति तथा विपद् प्रतिकार्य समिति (RRT) लाई सक्रिय बनाई परिचालन गर्न आवश्यक रकम विनियोजन गरिनेछ ।

६. नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेको ८९ प्रकारका औषधीहरुको बर्षैभरी अभाव हुन नदिन आवश्यक रकम विनियोजन गरिनेछ ।

७. वर्थिङ्ग सेन्टरहरुमा गुणस्तरयुक्त डेलिभरी वेड अन्य उपकरणहरु खरिद गर्ने व्यवस्था मिलाइनेछ

८. पूर्ण संस्थागत सुत्केरीयुक्त (शून्य होम डेलिभरी) उन्मुख पालिका बनाउनको लागि अभिमुखीकरण सहितको विशेष प्याकेजको लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।

९. स्वास्थ्य गुणस्तरीय र पहुँचयुक्त बनाउन साथै दक्ष स्वास्थ्य जनशक्ति निर्माण गर्न MA, Implant ,IUCD आदि तालिमका लागि संघ तथा प्रदेश स्तरका स्वास्थ्य तालिम केन्द्रसंग आवश्यक समन्वय र बजेटको व्यवस्थापन गरिनेछ ।

१०. अस्पतालजन्य संक्रमण रोकथामको लागि सबै स्वास्थ्य संस्थाहरुमा इन्सिनेरेटर, प्लासेंट पिट र कार्यालय सहयोगीहरुलाई IP तालिमको व्यवस्था गरिनेछ ।

११. कतिपय स्वास्थ्य संस्था भवनहरु जीर्ण तथा कोठा अपुग भएकोले मर्मत सम्भार तथा कोठा थपका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

१२. स्वास्थ्य स्यंमसेविकाहरुको बैठक खाजा यातायात खर्चको व्यवस्था गर्नुको साथै दश वर्ष भन्दा बढी सेवा गरेका स्वास्थ्य स्यंमसेविकाहरुलाई प्रोत्साहनको व्यवस्था गर्न कार्यविधि बनाइ लागु गरिने छ ।

१३. प्रत्येक विद्यालयहरुबाट एक जना शिक्षकलाई आधारभुत स्वास्थ्य सम्बन्धी तालिम प्रदान गरी प्राथमिक उपचारको व्यवस्था मिलाइने छ ।
१४. प्रत्येक महिना घुम्ती स्वास्थ्य सेवा उपलब्ध गराउने व्यवस्था मिलाइने छ ।
१५. महिला स्वास्थ्य स्वयंसेविकाहरुको स्वास्थ्य विमा नविकरण गर्ने व्यवस्था मिलाईने छ ।
१६. सम्भव भए सम्म घर्तिगाउँ स्वास्थ्य चौकीमा नियमित MBBS डाक्टरको व्यवस्था गरिने छ
१७. घर्तिगाउँ स्वास्थ्य चौकीमा विष सेवन गरेका विरामीहरुको उपचार गर्न आवश्यक व्यवस्था मिलाईने छ
१८. जीर्ण स्वास्थ्य चौकी भवनको मर्मत सम्भार तथा पुर्ननिर्माण गरी स्वास्थ्य मापडण्द अनुसार संचालन गर्न आवश्यक बजेटको व्यवस्था मिलाईने छ ।
१९. ल्याव सेवा उपलब्ध नभएका स्वास्थ्य चौकीहरुमा ल्याव सेवा संचालन गर्ने व्यवस्था मिलाईने छ
२०. भौगोलिक रुपले विकट क्षेत्रमा स्वास्थ्य सेवाको पहुँच पुऱ्याउन सामुदायिक स्वास्थ्य इकाई केन्द्र स्थापना गर्न पहल गरिने छ ।
२१. प्रत्येक स्वास्थ्य चौकीमा राखिएको ल्याव सेवालाइ प्रभावकारी बनाउन स्वास्थ्य चौकी प्रमुखहरुलाई तालिमको व्यवस्था गरिने छ ।

### आयुर्वेद तर्फः

१. नेपालको मौलिक चिकित्साको रुपमा रहेको आयुर्वेद तथा वैकल्पिक चिकित्सालाई अझ व्यवस्थित र विस्तार गरिनेछ ।
२. माडी गाउँपालिका भित्रका जनताहरुलाई आयुर्वेद औषधालयबाट सहज रुपमा निशुल्क स्वास्थ्य सेवा प्रदान गरिनेछ ।
३. अत्यावश्यक औषधी, उपकरण तथा सुरक्षा सामाग्रीहरुको उपलव्धतामा कमी आउन नदिन अत्यावश्यक औषधी, उपकरण तथा सुरक्षा सामाग्रीहरु खरिद तथा आपूर्तिको व्यवस्थालाई सहज बनाइनेछ ।
४. यस गाउँपालिकामा आयुर्वेद स्वास्थ्य सेवा प्रदान गर्न अत्यावश्यक सहित अन्य औषधी समेत पाउने व्यवस्था मिलाईने छ ।
५. आयुर्वेद स्वास्थ्य सेवामध्ये पंचकर्म (पुर्वकर्म) अन्तर्गत स्नेहन र स्वदेन संचालनलाई अझ व्यवस्थित गरी नशा सम्बन्धि रोगहरुको न्यूनिकरण गरिनेछ ।
६. अत्यावश्यक आयुर्वेद सेवा प्रवाह गर्न जनशक्ति अभाव भएमा करार सेवामा कर्मचारी भर्ना गर्ने व्यवस्था गरिनेछ ।
७. मेरो स्वास्थ्य मेरो जिम्मेवारीलाई अघि बढाउन निरोगी नेपाल अभियान भन्ने कुरालाई बोध गराई स्वस्थ आहार व्यवहारको माध्यमबाट स्वस्थ जीवनशैली अपनाउन प्रेरित गरिनेछ ।
८. यस गाउँपालिका भित्र रहेका स्तनपायी आमा तथा शिशुका लागि सो सँग सम्बन्धित औषधी वितरण गर्न सवै संस्थासँग समन्वय गरी औषधी दिने व्यवस्था मिलाइने छ ।

९. घर्तीगाउँ आयुर्वेद औषधालयबाट सर्ने तथा नसर्ने रोगहरुको बारेमा बच्ने उपाय तथा विभिन्न माध्यमबाट न्यूनीकरणको लागि सल्लाह र सुझाव दिइनेछ ।

१०. यस गाउँपालिकामा पाइने औषधी गुणयुक्त जडीवुटीहरुको पहिचान उपयोगिता र प्रयोग गर्ने विधिको बारेमा जानकारी आदानप्रदान गरिने छ ।

११. स्थानीय स्तरमा रहेका धाँमी, झाक्री, वैद्य तथा जडीवुटी सम्बन्धि ज्ञाताहरुलाई सचेतना कार्यकम संचालन गरी जनचेतना प्रदान गरिनेछ ।

१२. ज्येष्ठ नागरिकहरुको स्वास्थ्य संरक्षण र प्रवर्द्धन सेवा संचालन गर्न शक्तिबर्धक तथा रसायन औषधीहरुको व्यवस्था मिलाइने छ ।

१३. रोगप्रतिरोधात्मक औषधीहरुको व्यवस्थापन गरी शरीरमा विषाणु तथा जीवाणुको संक्रमणलाई न्यूनीकरण गरिनेछ ।

१४. विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रमद्वारा विद्यार्थीमा जनचेतना अभिवृद्धि गरिनेछ ।

१५. आयुर्वेद औषधालयमा सेवा लिएका सेवाग्राहीहरुको रेकर्डिङ तथा रिर्पोटिङलाई थप प्रभावकारी रुपमा व्यवस्था गरिनेछ ।

१६. कार्यालय संचालनलाई व्यवस्थित गराउन भवन ट्वाइलेट मर्मत सम्भार गरिने छ ।

१७. आयुर्वेद सेवाको महत्व वुझाउन वडा स्तरमा सचेतना कार्यक्रम गरिने छ ।

## शिक्षा युवा तथा खेलकुदः

१. माडी गाउँपालिकाको समग्र शैक्षिक अवस्थालाई प्रतिविम्वित गर्ने शिक्षा पार्श्वचित्र (Educational Profile) र गाउँपालिकाको शिक्षा क्षेत्रको योजनालाई आध्यावधिक गरिने छ ।

२. विद्यार्थीको पहिलो पठशाला घर तथा पहिलो शिक्षक आभिभावक भएको यथार्थलाई मध्यनजर गर्दै घरघरमा पढाई कुना अभियान सञ्चालन गर्न अभिभावक शिक्षाजस्ता कार्यक्रम सञ्चालन गरी अभिभावकलाई विद्यार्थीको पढाईमा नियमित जोड्ने कार्यक्रम सञ्चालन गर्न वडासँग समन्वय गरी सामुदायिक सिकाई केन्द्रलाई थप जिम्मेवारी बनाइने र सो कार्यक्रमलाई नियमित अनुगमन गरी प्रभावकारी वनाउदै लगिने छ ।

३. शिक्षामा पहुँच पु¥याउन पालिका भित्रका विद्यालय सेवा क्षेत्रभित्र रहेका असाहय, अनाथ, अपाङ्ग तथा विपन्न बालवालिकाहरूको प्रत्येक विद्यालयगत र आधारभूत तहगत रूपमा पहिचान गरी सहायता शैक्षिक सामग्रीको व्यवस्थापन गरिने छ । उत्कृष्ट क्षमताको विकासमा थप प्रोत्साहन गरी यस पालिकालाई गणित र विज्ञानको क्षेत्रमा आवश्यक जनशक्तिको उत्पादन गर्न माध्यमिक तहमा छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

४. विद्यालयको गुणस्तर सुधारमा थप टेवा पु¥याउन विद्यार्थीहरुको मूल्याङ्कन गरी पुरस्कृत गरीने छ ।

५. यस आ.व.मा मेरो विद्यालयमा गरिएको एक उत्कृष्ट कार्य अभियान संचालन गरी विद्यालयलाई प्रोत्साहन गरिनेछ ।

६. विभिन्न विद्यागत खेलकुदहरुलाई प्रवर्द्धन गर्न कार्यक्रमको आयोजना गरी उत्कृष्टलाई सम्मान तथा पुरस्कार दिइने छ ।

७. सवै वडा स्तरमा खेलकुद मैदान निर्माण गर्नको लागि आवश्यक पहल गरिने छ ।

८. जुनसुकै कार्यक्रम संचालन गर्दा साझेदारीको व्यवस्था मिलाइने छ ।

९. विद्यालयहरुमा विद्युतीय हाजिरीको व्यवस्था मिलाइने छ ।

१०. विद्यालय व्यवस्थापन तथा संचालन कार्यविधि तयार गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाईने छ ।

११. विद्यालयहरुमा बालउद्यान पार्क निर्माण गर्ने व्यवस्था मिलाईने छ ।

१२. विद्यालयहरुलाई प्रविधिमैत्री बनाई थप व्यवस्थित गरीने छ ।

१३. गाउँपालिका भित्रै उच्च शिक्षा हासिल गर्न क्याम्पस स्थापना गर्ने पहल गरिने छ ।

१४. शिक्षकहरुका लागि विभिन्न प्रकारका पेशागत तालिम एवं विषयगत तालिमको व्यवस्था गरिने छ ।

१५. कमजोर सिकाइ स्थिति भएका बालबालिकाहरुलाई प्रत्येक शैक्षिक वर्षमा रिमिडियल कक्षा सञ्चालन गरिने छ ।

१६. गाउँपालिका अनुदान शिक्षकहरु, बालविकास शिक्षक , विद्यालय सहयोगीहरुको समयसापेक्ष सुहाँउदो तलव वृद्धिका साथै पोशाक भत्ताको व्यवस्था गरिने छ ।

१७. समुदायद्धारा आर्थिक भार वहन हुनेगरी विद्यालयमा निजी स्रोत शिक्षकको व्यवस्थापन गर्ने प्रकृयाको अन्त्य गरिने छ ।

१८. भौतिक पूर्वाधारतर्फ आवश्यक देखिएको विद्यालयमा विद्यालय भवन, शौंचालय, खानेपानी, घेरवार, पुस्ताकालय, कम्प्युटर ल्याव, विज्ञान प्रयोगशाला, फर्नीचर तथा बसाइ व्यवस्थापनको लागि कार्पेट पी फमको व्यवस्था गरिने छ ।

१९. विद्यालयले विद्यार्थी एवम् अभिभावकहरुबाट लिने सवै प्रकारका शुल्कहरुको (भर्ना शुल्क र परिक्षा शुल्क ) आदीको अन्त्य गर्दै लगिने छ ।

२०. विद्यालयमा शिक्षक नियुक्ति गर्दा लाग्ने विशेषज्ञको आतेजाते, खाजा, खाना तथा भत्ताको व्यवस्था सरकारी नियमानुसार पालिकाबाटै व्यवस्था गरिने छ ।

२१. विद्यालयमा स्काउट शिक्षालाई प्रभावकारी रुपमा सञ्चालन, विकास र विस्तार गर्न स्थानीय स्काउट समितिलाई सक्रिय बनाइने छ ।

२२. शिक्षासंग सम्बन्धित विभिन्न दिवस सभा समारोहहरुमा शिक्षा तथा विद्यालय शिक्षामा योगदान गर्ने व्यक्तित्व एवम् शिक्षकहरुलाई सम्मानित र पुरस्कृत गरिने छ ।

२३. विद्यालय व्यवस्थापन समितिलाई सक्रिय बनाइ विद्यालयको वृहत्तर विकासमा योगदान गर्न सक्ने क्षमता विकास गर्न व्यवस्था सम्बन्धि तालिमको व्यवस्थापन गरिने छ ।

२४. शैक्षिक तथा साँस्कृतिक मेला तथा महोत्सवको आयोजना गरिने छ ।

२५. विद्यालयमा अध्ययनरत विद्यार्थीहरुले हप्ताको कुनै एक दिनको दुइ घण्टा अनिवार्य श्रम गर्ने व्यवस्था गरिने छ ।

२६. एक विद्यालय एक खेलमैदानको व्यवस्था गरिने छ ।

२७. विद्यालय व्यवस्थापन समिति र अभिभावक सबैलाई काम कर्तव्य र अधिकार बारे तालिमको व्यवस्था गरिने छ ।

२८. विद्यार्थी संख्या न्यून भएका विद्यालयहरुको मिलान गरिने छ ।

२९. मा. वि. स्कुलहरुमा खेलकुद शिक्षकको व्यवस्था क्रमागत रुपमा गरिने छ ।

३०. सबै खेलहरुबाट प्रतिनिधित्व गराइ पालिका स्तरीय खेलकुद विकास समिति गठन तथा वैधानिक गरी खेलकुद सम्बन्धि गतिविधि संचालन गर्न सहयोग गरिने छ ।

३१. पालिका भित्रका खेलाडीहरुको क्षमता विकासका लागि रेफ्री कोचको लागि तालिमको व्यवस्था गरिने छ ।

३२. अन्तर पालिका खेलकुद प्रतियोगिता जस्तै- रनिङ सिल्ड, अध्यक्ष कपहरु जस्ता प्रतियोगितात्मक खेलहरु सञ्चालन गरी खेलकुद क्लवहरुसंग समन्वय र सहयोग गरिने छ ।

३३. जिल्लाबाट छनौट भइ यस गाउँपालिकाका खेलाडीहरुलाई प्रदेश र राष्ट्रिय खेलहरुमा सहभागी गराउने व्यवस्था गरिने छ ।

३४. प्रदेश तथा राष्ट्रिय खेल प्रतियोगिताहरुबाट उत्कृष्ट भएका खेलाडीहरुलाई पालिकाले सम्मान तथा पुरस्कारको व्यवस्था गर्ने छ ।

३५. आवश्यक खेल सामाग्रीहरु परिपूर्ति गर्न पालिकाले सहज खरिदको व्यवस्था गर्ने छ ।

३६. पालिका भित्र प्लस टु उत्रिर्ण उत्कृष्ट एक विद्यार्थीलाई उसको इच्छा अनुसारको प्राविधिक विषय अध्ययन गर्नको लागि छात्रवृत्तिको व्यवस्था गरिने छ ।

३७. प्रत्येक विद्यालयमा WiFi जडान गरी विद्यालय र पालिकाबीचका कागजी गतिविधिहरु Online गरिने छ र विद्युतीय हाजिरी उपकरणलाई व्यवस्थित गरी पालिकाले नियमित नियमन गर्ने छ ।

३८. एक विद्यालय चार कुरा (खेलमैदान, बगैंचा, पुस्तकालय र प्रयोगशाला ) नीति लिइने छ ।

३९. HEMS ( Health and physical Education, English, Mathematics and Science ) Education Program for 5 years निर्माण गरी कार्यान्वयनमा लगिने छ ।

४०. शैक्षिक सत्रको अन्त्यमा कक्षा ५ ८ र १० का विद्यालयमा स्थान लिएकाहरुलाई पालिका स्तरमा परिक्षा गराइ विद्यार्थी र विद्यालयलाई पुरस्कृत गरिने छ ।

४१. प्रत्येक विद्यालयबाट एक शिक्षकलाई Basic Computer ज्ञानको लागि तालिमको व्यवस्था गरिने छ ।

४२. मा.वि. विद्यालयहरुमा सी.सी. क्यामराको निगरानीमा पठनपाठन गर्ने व्यवस्था क्रमशः गरिने छ ।

४३. शिक्षक र विद्यार्थीको संख्याको अनुपात मिलाइने छ ।

## आर्थिक विकास तर्फ :

१. गाउँपालिकाको मुख्य आयस्रोत कृषि, फलफूल, जडीवुटी, कच्चा पदार्थ संकलन तथा निकासी जस्तामा आत्मनिर्भर भएकोले उत्पादनमुलक पकेट क्षेत्रहरुको आधुनिकीकरण, व्यवसायीकरण विकास तथा प्रवर्द्धनको नीतिलाई अवलम्बन गरी राजस्वको दायरा बढाइनेछ ।
२. कृषिजन्य उत्पादनको उचित बजार पहुँचको लागि कृषि सहकारीलाई प्रोत्साहन तथा प्रवर्द्धन गरिनेछ ।
३. आर्थिक तथा सामाजिक रुपले पछि परेका वर्गहरुको वास्तविकता पहिचान गरी विभिन्न क्षेत्रमा अनुदानको व्यवस्था गरिनेछ ।
४. नेपालको संविधानको अनुसूची ८ मा व्यवस्था भए बमोजिम स्थानीय कर (सम्पत्ति कर, घर वहाल कर, घर जग्गा रजिस्ट्रेशन शुल्क, सवारी साधन कर ) नक्सा पास, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, भुमि कर (मालपोत) विज्ञापन कर, व्यवसाय कर, दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत संकलन स्थानीय तहको अधिकारमा रहेको हुँदा करको दायरा बढाउन यी क्षेत्रमा राजस्व संकलन गरिनेछ ।
५. स्थानीय तहमा उपलब्ध भएका र उत्पादन हुने खनिज पदार्थ, जडीवुटी, कच्चा पदार्थ, लगाएत अन्य कच्चापदार्थको विक्री र प्रवर्द्धन गरी राजश्व वृद्धि गर्ने नीति लिइनेछ ।
६. गाउँपालिका भित्र रहेका साना तथा मझौंला उद्योग व्यवसायहरुलाई करको दायरामा लिई राजश्व संकलनलाई थप व्यवस्थित बनाउन कार्यविधि बनाई लागु गरीने छ ।
७. बैंक तथा वित्तिय संस्थाहरुले किसानलाई ऋण प्रवाह गर्दा अनिवार्य गाउँपालिको सिफारीसमा मात्रै लगानी गर्ने व्यवस्था मिलाईने छ ।
८. केन्द्रीय विद्युत विस्तारलाई पहल गर्दै विद्युत लाइन विस्तार भइसकेका स्थानहरुमा सञ्चालित लघु जलविद्युतलाई गाउँपालिकाले स्वामीत्व ग्रहण गर्ने छ ।

### १. कृषि :

१. कृषिकर्मी रोजगार कार्यक्रम अन्तर्गत निशुल्क उन्नत विउ विजन विषादी विरुवा प्रदान तथा कृषकलाई सबै वडाहरुमा प्राविधिक परामर्श सेवा प्रदान गरिनेछ ।
२. कृषकलाई ५०% अनुदानमा औजार उपकरण वितरण गरिनेछ ।
३. औजार उपकरणमा अनुदान तथा क्षमता विकास तालिमको व्यवस्था गरिनेछ ।
४. कृषकहरुलाई उन्नत तथा आधुनिक प्रविधि हस्तान्तरण गर्नका लागी विभिन्न तालिमको व्यवस्था गरिनेछ ।
५. कृषकका मागमा आधारित कृषि अनुदानका कार्यक्रमहरु तयार गरी कार्यान्वयन गरिनेछ ।
६. वडामा पकेट क्षेत्रमा विकास तथा विस्तार गरी कार्यक्रमहरु संचालन गरिनेछ ।
७. एक वडा एक कृषि पाठशाला संचालनको व्यवस्था गरिनेछ ।

८. अर्ध वार्षिक रुपमा कम्तिमा  दुई तीन वटा वाली तथा तरकारीको क्रप कटिङ गरिनेछ ।

९. नियमित रुपमा तरकारी तथा फलफुल साथै खाद्यान्नको पकेट क्षेत्र अनुगमन गरिनेछ ।

१०. लसुन, बेसार, अदुवा, किवी र सुन्तला पकेटहरुलाई अनुदानको व्यवस्था मिलाइने छ ।

११. कृषि खेतीयोग्य जमीनलाई माटो परिक्षण गरिसकेपछि सिफारिस अनुसार वालीनाली लगाउने व्यवस्था मिलाइने छ ।

१२. विभिन्न स्थानहरुमा कृषि संकलन केन्द्रहरु निर्माण गरी कृषि उपजलाई केन्द्रीकृत रुपमा गाउँपालिका अनुदानबाट संचालित ढुवानी सेवाद्धारा बजारीकरण सहजता ल्याउने व्यवस्था मिलाइने छ ।

१३. कृषियोग्य जमीनलाई सिंचाई कुलो नहर लिफ्टिङबाट सिंचाईको व्यवस्था मिलाइने छ ।

१४. तरकारी ढुवानीमा अनुदानको व्यवस्था मिलाइने छ। (जिल्ला भन्दा बाहिर ढुवानी गर्दा ढुवानीमा अनुदानको व्यवस्था मिलाइने छ) ।

१५. आ व ०७९/०८० मा कृषि कार्यक्रमबाट २५ जनालाई रोजगारीको व्यवस्था मिलाइने छ

१६. एक गाउँ एक कृषि उत्पादनको अवधारणा ल्याइने छ ।

१७. पकेट क्षेत्र घोषणा भएका ठाउँहरुमा सोही अनुसारको कामकाज गर्ने व्यवस्था मिलाइने छ।

१८. एक वडा एक कृषि प्राविधिकको अवधारणालाई अगाडी बढाईने छ ।

१९. कृषि समुह र पशुपालन समुहरुलाई एकिकृत गरी कृषि तथा पशुपालन पकेट क्षेत्र घोषणा गर्दै थप व्यवस्थित गरीने छ ।

२०. गाउँपालिकाले कोल्ड स्टोर (चिस्यान केन्द्र) को पहल तथा निर्माण गर्ने छ ।

२१. एक वडा एक कृषि प्राविधिकको व्यवस्था गरिने छ ।

**पशुपालन :**

१. पशु स्वास्थ्य नियमन कार्यक्रम अन्तर्गत विरामी पशु पंक्षीहरुको निशुल्क चेकजाँच तथा औषधी वितरण उपचार र कृषकलाई प्राविधिक परामर्श सेवा प्रदान गरिनेछ ।

२. विभिन्न महामारी पशु पंक्षीहरुको रोग नियन्त्रणका लागि कृषकहरुलाई निशुल्क खोप उपलव्ध गराईनेछ ।

३. पशु आहारा व्यवस्थापन तर्फ कृषकहरुलाई निशुल्क डाले तथा भुँइ घाँसका विरुवा तथा बिउ उपलव्ध गराईनेछ ।

४. पशु नक्ष्ल सुधार कार्यक्रमतर्फ गाई, भैसी तथा बाख्रा निशुल्क कृत्रिम गर्भाधान सेवालाई थप प्रभावकारी गराईनेछ ।

५. किसानहरुको आयस्तर बढाउनका लागि पशुहरुलाई प्राकृतिक गर्भाधान गर्नका लागि ५०% अनुदानमा वडाका कृषकहरुलाई उन्नत राँगो तथा बोयर बोका वितरण गरिनेछ ।

६. पशुपंक्षीमा  महामारी रोग निदान गर्नका लागि प्रयोगशालाको थप व्यवस्थापन गरिनेछ ।

७. पशुपालन व्यवसायहरुलाई व्यवसायीकरण विविधिकरण गर्नका लागि कृषकका घरदैलोमा पुगी प्राविधिक सेवा दिंदै आएका पाराभेटहरुलाई हौसला प्रदान गर्नका लागि औजार उपकरणमा अनुदान तथा क्षमता विकास तालिमको व्यवस्था गरिनेछ ।

८. कृषकहरुलाई पशुपालन व्यवसायमा थप प्रतिष्पर्धा गराई पशुपंक्षीजन्य उत्पादन बढाउनका लागि ५०% अनुदानमा खोर तथा गोठ निर्माणका लागि अनुदान रकम प्रदान गराईनेछ ।

९. किसानका समस्याहरु प्राविधिकसम्म पुऱ्याउन लागि हेलो किसान कार्यक्रमको बजेट व्यवस्था गरिनेछ ।

१०. कृषकहरुलाई उन्नत तथा आधुनिक प्रविधि हस्तान्तरण गर्नका लागि वडाहरुमा तालिमको व्यवस्था गरिनेछ ।

११. कृषि तथा पशुपंक्षीको तथ्याङ्क संकलनका लागि सफ्टवेयरको विकास गरी डाटा संकलन र व्यवस्थापनको काम आगाडी बढाईनेछ ।

१२. पशुपंक्षी महामारी रोगहरुको संक्रमण कम गर्नका लागि वडाहरुमा पशु स्वास्थ्य तथा रेबिज रोग नियन्त्रणका शिविर संचालन क्रियाकलाप गरिनेछ ।

१३. बाख्रा पकेट क्षेत्रहरुमा बाहिरी परजीवि नियन्त्रण गरी उत्पादन तथा उत्पादकत्व बढाउनका लागि डिपि ट्यांकीको निर्माण गरिनेछ ।

१४. कृषकका उत्पादनहरुलाई बजारीकरणको व्यवस्थापन गर्न दिगो र प्रतिस्पर्धामुखी बनाउन पालिकामा एकवटा कृषि हाट बजारको व्यवस्था गरिनेछ

१५. दुधमा आत्मनिर्भर गराउन तथा दुध उत्पादकत्व बढाई बजारीकरण गर्नका लागि गाउँपालिकामा ५०% अनुदानमा डेरी उद्योग संचालनका लागि अनुदान रकम व्यवस्था गरिनेछ ।

१६. जुनोटिक रोग नियन्त्रण गर्नका लागि ६ वटै वडाका मा वि स्कुलमा स्कुल प्रसार शिक्षाको व्यवस्था गरिनेछ ।

१७. कृषि तथा पशुसेवा तर्फका एक गाउँ एक प्राविधिक कर्मचारीको तलव भत्ताको व्यवस्था गरिनेछ ।

१८. आ.व. ०७९/०८० मा २५ जनालाई पशुपालन सम्बन्धी रोजगारीको व्यवस्था मिलाइने छ

१९. पचास भन्दा बढी बाख्रापालन गरिरहेका फर्महरुलाई अनुदानको व्यवस्था गरिने छ ।

२०. पकेट क्षेत्रलाई उत्पादनको आधारमा अनुगमन गरी अनुदानको व्यवस्था गरिने छ ।

२१. पशु वीमा गर्न संघ संस्थाहरुसंग समन्वय गरी पशु वीमाको कार्य अगाडी बढाइने छ ।

## भौतिक पूर्वाधार तर्फ :

१. आ.व २०७७/०७८ को वजेटबाट निर्माणाधीन क्रमागत योजनाहरु यस वर्ष सम्पन्न गरिनेछ ।

२. सार्वजनिक जग्गा पहिचान गरी संरक्षण र उपयोग गर्ने नीति लिईनेछ ।

३. भौतिक पूर्वाधार अभावमा सेवा प्रवाहमा कठिनाई भई कार्य सम्पन्न गर्ने समस्या भई रहेको स्वास्थ्य चौकी, शैक्षिक संस्था वडा कार्यालयको संरचनाको स्तरोन्नती गरिनेछ ।

४. सिंचाई योजना तथा एक घर एक धारा को व्यवस्थापनका लागि आवश्यक कार्य अगाडी बढाईने छ

५. वडा कार्यालय जोड्ने मोटरबाटो स्तारोन्नती गरी वडा देखि गाउँपालिका सम्मको पहुँचमा सहजता ल्याईनेछ ।

६. कार्यविधिको आधारमा प्रधानमन्त्री रोजगार कार्यक्रममा सुचिकृत बेरोजगार र श्रमिक परिचालन गरिनेछ ।

७. दिनानुदिन बजारीकरण भईरहेको घर्तिगाउँ बजारलाई व्यवस्थित बनाउन घर नक्सा पास कार्यविधि कार्यान्वयनमा ल्याइने छ ।

८. सबै सडकहरु कम्तिमा ६ मिटर चौडा बनाईनेछ ।

९. प्राविधिक शक्तिलाई अझ दक्ष बनाई कार्य कौशलतामा वृद्धि गरी कार्य अगाडी बढाउन तालिमको व्यवस्था गरिनेछ । साथै कार्यदक्षतामा वृद्धि गर्न प्राविधिक Equipments तथा सवारी साधन थप गरिनेछ ।

१०. जनश्रमदान गर्न नसकिने निर्माण योजनाहरुमा ठेक्का मार्फत कार्य गराउने र उपभोक्ता समिति मार्फत गर्नुपर्ने योजनाहरुलाई योजनाको प्रकृति अनुसार दश देखि वीस प्रतिशतसम्म जनश्रमदान गर्ने व्यवस्था मिलाईनेछ ।

११. अन्तर गाउँपालिका जोड्ने मोटर बाटोलाई प्राथमिकता दिईनेछ ।

१२. गाउँपालिका र प्रत्येक वडामा रहेका मान्यता प्राप्त विभिन्न संघ संस्थाहरुसँग वजेट साझेदारी गरी साना तथा आधारभूत योजनाहरु सम्पन्न गर्ने नीति लिईनेछ ।

१३. हालसम्म तयार नभएको MTMP र Land usage plan तयार गरी लागु गरिने छ ।

१४. हालको परिप्रेक्ष्यमा नयाँ सडक खन्ने कार्य धेरै जसो सम्पन्न भई सकेको अवस्थामा नयाँ भन्दा सडक स्तर उन्नती तर्फ कार्य गरिने छ ।

१५. गापाको प्राविधिक क्षमताले नभ्याइएका जटिल प्रकृतिका कार्यहरु परामर्शदाताबाट कुशलतापूर्वक सम्पन्न गरिने छ ।

१६. घर्तीगाउँ बजारको शहरीकरणको लागि डि. पी. आर. गर्ने व्यवस्था मिलाइने छ ।

१७. एक वडा एक खेल मैदानको निर्माणको लागि डि.पि.आर गर्न बजेटको व्यवस्था गरीने छ ।

१८. बहुवर्षे दिर्घकालीन योजनाहरुलाई डि. पी. आर. गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाईने छ

१९. गाउँपालिकाबाट संचालन हुने योजनाहरुको पुर्व लागत अनुमान तयार गरी सोहीको आधारमा बजेट विनियोजन गरिने छ ।

२०. गाउँपालिका भित्र निर्माण गरिएका मोटर बाटोहरुको लगत कत्ता गर्ने व्यवस्था मिलाईने छ ।

२१. आवास विहिनहरुको घर बनाई आवासयुक्त पालिका बनाइने छ ।

२२. प्रयोग विहिन सरकारी भवनहरुको सदुपयोग गरिने छ ।

**योजना तथा कार्यक्रम तर्फः**

१. उपभोक्ता हित संरक्षणको लागि उपभोक्ता समिति र योजना तथा भौतिक पूर्वाधार शाखाका कर्मचारीहरुलाई तालिमको व्यवस्था गरिनेछ ।
२. तालुक निकायहरुबाट बारम्बार पत्राचार हुने गरेको र प्रदेश योजना आयोगले आवश्यक सहयोग गर्ने प्रतिवद्धता जनाएको र प्रविधिमैत्री सेवा प्रवाह आजको आवश्यकता भएकोले योजनाका कार्यलाई सफ्टवेयरमार्फत समाहित गर्नको लागि सफ्टवेयर व्यवस्था गरिनेछ ।
३. दिगो विकास लक्ष्यका सूचकहरुलाई प्राथामिकतामा राखी योजना तथा कार्यकमहरु बनाइने छ ।
४. संघीय तथा प्रदेश सरकारले प्राथमिकतामा राखेका क्षेत्रलाई विशेष ग्राहयता दिईनेछ ।
५. बस्ती स्तरबाट माग भएका रोजगारी सिर्जना हुनसक्ने वातावरणमा सकेसम्म कम असर पर्ने र स्थानीय सहभागीता जुट्न सक्ने बढी जनसंख्या लाभान्वित हुने तथा क्रमागत योजनाहरुको कार्यान्वयनमा प्राथमिकता दिईनेछ । कम लगानीमा बढी भन्दा बढी जनसंख्या पूर्वाधार निर्माणमा ध्यान केन्द्रित गरिनेछ ।

**वन वातावरण तथा विपद व्यवस्थापन नीति :**

१. अन्तरवडा नर्सरी स्थापनाको कार्यलाई अभियानको रुपमा लगिनेछ ।
२. विपदमा परेका परिवारलाई पुनः स्थापना गर्ने स्थानको व्यवस्थाका साथै जिविकोपार्जनमा टेवा पुऱ्याउने कार्य समेतलाई निरन्तरता दिईनेछ ।
३. वातावरण तथा विपद् व्यवस्थापन समितिको क्षमता विकासको लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ ।
४. विपद् व्यवस्थापनका लागि आवश्यकताको आधारमा गाउँ प्रहरी नै परिचालन गरिनेछ ।
५. कुनै पनि सामुदायिक वनजंगलको काठ कटानी गरी विक्री गर्दा सम्बन्धित वन उपभोक्ता समितिले सम्बन्धित वडा पालिकाबाट अनुमति ल्याउने व्यवस्था मिलाइने छ ।
६. विपद् व्यवस्थापनका लागि अन्य पालिका, जिल्ला प्रशासन कार्यालय र सम्बन्धित सरकारी तथा गैर सरकारी संस्थाहरुसँग आवश्यक सहयोग र समन्वयको लागि पहल गरिनेछ ।
७. विपद् व्यवस्थापनको लागि चाहिने औजार उपकरणहरु आवश्यक मात्रामा खरिद गर्ने व्यवस्था मिलाईने छ ।
८. रेडक्रससंग समन्वय गरी गाउँ प्रहरीलाई विपद् व्यवस्थापन सम्बन्धी तालिम दिइने छ ।
९. वन्यजन्तुहरुको व्यवस्थापन तथा संरक्षणको लागि विषेश पहल गरिने छ ।
१०. सामुदायिक वनहरुमा विद्यमान रहेका सीमा विवादहरुको समाधान गर्न पहल गरिने छ ।
११. विश्वव्यापी चुनौतीको रुपमा रहेको जलवायु परिवर्तन सम्वन्धी समस्याको लागि विशेष कार्यक्रम मार्फत न्यूनिकरण गरिने छ ।
१२. बाढी पहिरो र भुक्षयलाई रोकथाम गर्न सो क्षेत्रमा वृक्षारोपण तथा तटबन्धको व्यवस्था गरिने छ ।

१३. अध्यक्ष सहायता कोषलाई निरन्तरता दिइने छ ।

## सेवा प्रवाह सुशासन तथा संगठनात्मक संरचना तर्फ :

१. पालिकामा भएका हाल उपलब्ध जनशक्तिलाई उच्च मनोबलका साथ आफ्नो योग्यता र क्षमताको भरपुर सदुपयोग गर्ने र क्षमता विकास गर्ने वातावरण मिलाइनेछ । जनप्रतिनिधिहरु र कर्मचारीको क्षमता अभिवृद्धि गरी सार्वजनिक सेवा प्रवाहलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउनुका साथै संगठन, जनप्रतिनिधि र कर्मचारीको व्यवसायिकताका लागि कार्यबोझ तथा कार्य प्रकृतिका अधारमा प्रोत्साहन भत्ता, प्रवर्द्धन, र पुरस्कारका साथै तालिमको पनि व्यवस्था गरिनेछ ।

२. अनुमगन तथा मुल्याङ्कन कार्यलाइ वैज्ञानिक र प्रभावकारी बनाइनेछ ।

३. भ्रष्टाचार सम्बन्धि शुन्य सहनशीलता अवलम्बन गर्नका लागि सम्बन्धित समितिलाई उचित तालिम र परामर्शको व्यवस्था गरी प्रतिवेदन पेश गर्ने परिपाटी मिलाइनेछ ।

४. गुनासो व्यवसथापन गर्नको लागि गुनासो सुनिश्चित संस्थाको विकास गरिनेछ । साथै कार्य सम्पादन गर्दा आइपर्ने समस्याहरुलाई सम्बोधन गर्नका लागि आवश्यकता अनुसार मौखिक वा लिखित तवरबाट गुनासो सुन्ने र अभिलेख राख्ने व्यवस्था मिलाइनेछ ।

५. स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कन अभिमुखिकरण तथा स्वमुल्याङ्कन कार्यशालाबाट प्राप्त सुझावहरुलाई अक्षरस पालना गरिनेछ ।

६. सुशासनको लागि घर्तीगाउँ बजार क्षेत्रको चोकमा सूचना प्रवाह गर्न डिजिटल बोर्ड जडान गरिने छ, साथै उक्त चोकमा उजुरी पेटिका समेत राख्ने व्यवस्था गरिने छ ।

७. आ.व. ०७९/०८० देखि जनतासंग अध्यक्ष कार्यक्रम ल्याइने छ ।

## खानेपानी सरसफाइ तथा स्वच्छता तर्फः

१. गाउँपालिका तथा वडा स्तरीय पूर्ण सरसफाइ (WASH) रणनीतिक योजना तयार गरिनेछ ।

२. गाउँपालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता (पूर्ण सरसफाई) सम्मेलन गरिनेछ ।

३. नमूना टोल तथा वडा छनौट तथा सरसफाइ अभियान संचालन गरिने छ ।

४. गाउँपालिका मुख्य बजार क्षेत्रमा फोहोर व्यवस्थापनका लागि बजार सरसफाइ समितिहरुलाई तालिम,गोष्ठी संचालन गरिनेछ ।

५. पूर्ण सरसफाइ सम्बन्धी तालिम गोष्ठी तथा जनचेतना अभिवृद्धिमुलक कार्यक्रम वडा तथा गाउँपालिका स्तरमा गरिनेछ ।

६. बजार तथा गाउँ क्षेत्रका फोहोरको उचित व्यवस्थापन गर्ने सम्बन्धी तालिम तथा प्रचारप्रसार सामाग्री वितरण गरिनेछ ।

७. विद्यालय बाल क्लव, युवा ,स्वास्थ्य, सरसफाइ समिति गठन तथा आमा समूह, महिला विकास र सरसफाइ टोल समूहहरुलाई सरसफाई कक्षा सञ्चालन गरिनेछ ।

८. टोल तथा वडा स्तरीय अनुगमन गरिने छ ।

९. खानेपानी गुणस्तर सम्बन्धी जनचेतना अभिवृद्धि गरिनेछ ।

१०. सुधारिएको चुलो प्रर्वद्धन तथा भकारो तथा खोर गोठ सुधार सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।

११. एक घर एक धाराको नीतिलाई निरन्तरता दिईनेछ ।

१२. कुहिने र नकुहिने फोहोरहरु व्यवस्थापन मिलाउन आवश्यक पहल गरिनेछ ।

१३. सरसफाइ टोल सुधार समितिहरुको क्रियाशिलता बढाइ समितिका पदाधिकारीका लागि तालिमको व्यवस्था गरिनेछ । सरसफाइ टोल सुधार समितिसँग सहकार्य गरी बजार सरसफाइ अभियानलाई निरन्तरता दिईनेछ ।

१४. पालिका अन्तर्गत मुख्य बजार क्षेत्रको फोहोरमैला व्यवस्थापनका लागि डम्पिङ साइटको व्यवस्था गरिनेछ ।

१५. सवै वडामा पूर्ण सरसफाइ क्रियाकलापको लागि बजेट विनियोजन गरिने छ ।

१६. माडी गाउँपालिकाको रणनैतिक योजना अनुसार सरसफाइ योजना संचालन तथा घोषणा गरिने छ ।

## महिला बालबालिका तथा सामाजिक विकास तर्फ :

१. विपन्न, असहाय,यौन दुर्व्यवहार र घरेलु हिंसामा परेका महिलाहरुका लागि अल्पकालीन सेवा केन्द्र, मनोसामाजिक विमर्शकर्ता र आयआर्जनको लागि आर्थिक सहयोगको व्यवस्था गरिनेछ ।

२. महिलाको आर्थिक तथा सामाजिक सशक्तिकरणका लागि सीप विकास तथा व्यक्तित्व विकासका कार्यक्रमहरु संचालन गरी स्थानीय व्यवसायी महिलाहरुद्वारा उत्पादित व्यावसायिक उत्पादनलाई राष्ट्रियस्तरको बजारमा पहिचान गरी विगतमा संचालित ग्रामीण व्यावसायको निरन्तरता दिईनेछ ।

३. लैंगिक तथा घरेलु हिंसा, यौन शोषण लगाएत जोखिममा परेका एकल महिला ,यौनिक तथा लैंगिक अल्प संख्यकहरुलाई दृष्टिगत गरी अवसर र हित प्रवर्द्धन सम्बन्धि विशेष कार्यक्रम संचालन गरिनेछ

४. महिला माथि हुने सबै प्रकारका विभेद (सामाजिक, लैंगिक, यौनिक, भाषिक, सांस्कृतिक, धार्मिक र शैक्षिक ) जस्ता विभेदहरुलाई निषेध तथा निरुत्साहित गरिनेछ ।

५. हिंसा पीडित तथा प्राभावित महिला एवं बालबालिका र यौनिक तथा लैंगिक अल्पसंख्यकहरुका लागि तत्काल उद्धार, राहत, निशुल्क कानूनी सहायता, मनोसामाजिक परामर्श र सीपमूलक कार्यक्रम गर्नको लागि महिला उद्धार तथा सहायताकोष स्थापना गरिनेछ ।

६. हिंसा पीडित महिला तथा बालबालिकाहरुलाई न्यायमा सहज पहुँच पुऱ्याउन न्यायिक समितिमा निशुल्क कानून व्यवसायीको व्यवस्था गरिनेछ ।

७. महिला विकास समिति गठन तथा परिचालन कार्यविधि गाउँ कार्यपालिकाबाट पारित गरी लागु गरिनेछ ।

८. अपाङ्गता भएका सबै व्यक्तिहरुलाई परिचय पत्र प्रदान गरिनेछ ।

९. अपाङ्ग भएका व्यक्तिहरुका लागि सचेतनामुलक, स्वरोजगारमूलक, व्यवसायीक तथा सीपमूलक कार्यक्रममा सहभागी गराई आत्मनिर्भर बनाउन सयोग गरिनेछ ।

१०. अब देखि निर्माण हुने सरकारी भौतिक संरचनाहरु अपाङ्ग मैत्री बनाईनेछ

११. समाजका अग्रज सम्मानित ज्येष्ठ नागरिकको भूमिका योगदान अन्तरपुस्ता ज्ञान अनुभव र सीप हस्तान्तरणलाई उच्च महत्व दिईनेछ ।

१२. जेष्ठ नागरिकहरुलाई कानून प्रदत्त सहज पुऱ्याउन सरोकारवालाहरुसँग सहकार्य बढाई जेष्ठनागरिक परिचयपत्र घुम्ती शिविर परिचालन गर्ने ।

१३. विपन्न, असहाय, यौन दुर्व्यवहार तथा लागु औषध दुर्व्यसनमा परेका बालबालिकाहरुका लागी अल्पकालीन सेवा केन्द्र, मनोसामाजिक विमर्शकर्ता आय आर्जनको लागी आर्थिक सहयोगको व्यवस्था गरिनेछ ।

१४. बालश्रमिक तथा बालश्रम उन्मूलन लक्षित कार्यक्रमहरुको तर्जुमा तथा बाध्यात्मक बालश्रम आश्रित परिवारका लागी पनि कार्यक्रमबाट सम्बोधन गरी बालश्रम उन्मूलन गरिनेछ ।

१५. बालबालिका माथि हुने सबै किसिमका हिंसा, शोषण, दुर्व्यहार अन्त्य गरी बालमैत्री गाउँपालिका स्थापना गरिनेछ ।

१६. बाल अधिकार समिति गठन कार्यविधि र बालसमूह गठन सहजीकरण निर्देशिका निर्माण गरी लागु गरिनेछ ।

१७. दलित समुदायहरुमा रहेको परम्परागत सीप ज्ञानलाई व्यवसायीकरण र आयआर्जनमा वृद्धि गर्न प्रोत्साहित गरिनेछ ।

१८. जातीय छुवाछुत मुक्त घोषणा वडालाई निरन्तरता दिईनेछ ।

१९. जातीय छुवाछुत मुक्त वडा २०७९ साल भित्र र गाउँपालिकालाई २०८० साल साल सम्म घोषणा गरीने छ ।

२०. समाजमा रहेका मान्यता प्राप्त विभिन्न संघ संस्थाहरुलाई तालिम तथा चेतना अभिवृद्धि गरी सामाजिक अभियानमा संलग्न हुनको लागि प्रोत्साहित गरिनेछ ।

२१. अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनस्थापना (CBR) कार्यक्रम संचालन गरिने छ ।

२२. यस गाउँपालिका भित्र आफ्नो सासु ससुरालाई उचित स्याहार सुसार र इज्जत तथा राम्रो व्यवहार गर्ने बुहारीहरुलाई पालिकाद्धारा उचित पुरस्कार तथा सम्मान गरिने छ ।

२३. द्धन्द्ध पीडित, शहिद परिवार, घाइते अपाङ्ग र विपन्न परिवारहरुको स्वास्थ्य वीमाको व्यवस्था गर्न पहल गरिने छ ।

२४. परम्परागत कला संस्कृति र वाजागाजाहरुलाई संरक्षण गर्दै आवश्यक तालिम प्रदान गरी व्यवसायिक वनाइने छ ।

२५. महिला, दलित, जनजाती र फरक क्षमता भएका व्यक्तिहरुलाई सीपमुलक नेतृत्व विकास र आय आर्जनमुलक तालिम प्रदान गरी आत्म निर्भर बनाइने छ ।

२६. बाल विवाह सामाजिक विकृति विरुद्ध सामाजिक सचेतना कार्यक्रम सञ्चालन गरिने छ, साथै बाल विवाहमुक्त गाउँपालिका बनाइने छ ।

## पंजीकरण विभाग तर्फ :

१. नेपाल सरकारले तोकेका प्रत्येक नागरिकले पाउने सामाजिक सुरक्षा भत्ता पाउन हक पुगेका सबै नागरिकलाई प्रणालीमा ब्यवस्थापन गरी सम्बन्धित वडाबाट सेवा सुविधा प्रदान गरिने छ ।

२. सरकारले वृद्धभत्ताको उमेर ६८ वर्ष बनाएको हुँदा विभागको निर्देशन अनुसार सबैलाई पहुँचमा ल्याउन पहल गरिने छ ।

३. प्रत्येक माडी गाउँपालिका भित्रका नागरिकको कर्तव्य रहेको घटना दर्तालाई सत प्रतिसत गर्न घरदैलो अभियान वा पायक पर्ने स्थान छनौट गरी शिविर या अभियान संचालन गरिने छ ।

४. घटना दर्ता समयमै गर्नु पर्ने चेतना अभिभावकसम्म पुर्‍याउन प्रत्येक विद्यालय क्लवसङ्ग संस्था र सरोकारवालाहरुलाई अभिमुखिकरण तथा अन्तर्क्रिया कार्यक्रम गरिने छ ।

५. माडी गाउँपालिकामा गुनासो सुनुवाई सामाजिक सुरक्षा भत्ता वितरण तथा घटना दर्ता अनलाइन प्रकियामा भईसकेकोले कार्यान्वयन गर्न आवश्यक व्यवस्था गरिने छ दुविधा भएको समस्या सेवा इकाईबाट एक हप्ता भित्र हल गरिने छ र हल हुन नसकेका समस्यालाई विभागमा रिफर गरिने व्यवस्था मिलाइने छ ।

६. नेपाल सरकारको प्राथमिकतामा रहेको यस सामाजिक सुरक्षा तथा पञ्जिकरण कार्यक्रमलाई माडी गाउँपालिकाले पनि प्राथामिकतामा राख्ने छ ।

७. आम नागरिकलाई सरकारको तल्लो निकाय वडाबाट छिटो छरितो डिजिटल प्रविधिमैत्री सेवा प्रवाह गरिने छ भने ऐन, नियम तथा कानुन अनुसार मिल्ने कुनै पनि सेवाबाट वञ्चित गरिने छैन ।

८. उपकरण इन्टरनेट प्रविधिको आवश्यक व्यवस्था गरिने छ ।

९. माडी गाउँपालिकामा व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सुदृढीकरण आयोजना अन्तर्गत पञ्चिकरण विभाग र माडी गाउँपालिका रोल्पाको स्रोत साझेदारी प्रतिवद्धता अनुसार एम आई एस अपरेटर र फिल्ड सहायकको ६ महिना बराबरको पारिश्रमिक गा.पा. ले व्यवस्था गर्ने प्रतिवद्धतालाई निरन्तर कार्यान्वयन गरिने छ ।

## गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम तर्फ :

१. स्थानीय तहमा उद्योग विकास शाखाको स्थापना र सवलीकरण गरिनेछ ।

२. उद्यम विकास तथा रोजगार सृजना सम्बन्धि दिगो विकासको रणनीतिक योजना तयार गरिनेछ ।

३. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत उद्यमशीलता विकास, वित्तीय पहुँचमा वृद्धि र उत्पादित वस्तु तथा सेवाको बजारीकरणमा सहयोग गरी आर्थिक तथा प्राविधिक रुपमा वृद्धि भई जीविकोपार्जनमा टेवा पुऱ्याइने छ ।

४. स्थानीय स्तरमा उत्पादित वस्तु तथा सेवाहरुलाई स्थानीय प्रदेश तथा संघीय बजारमा पहिचान गराई बजारको माग, श्रोत साधनको उपलव्धता र जनचाहानामा आधारित उद्यमहरुको स्थापना र विगतमा संचालित उद्यमीहरुको स्तरोन्नती वा निरन्तरता दिईनेछ ।

५. स्थानीय तह मार्फत नयाँ उद्यमी सिर्जनाको लागि तथा विगत ३ वर्ष वा सो भन्दा पहिला व्यवसाय गर्दै आएका संचालित लघु उद्यमीको लागि प्राविधिक सीप विकास तालिम तथा आवश्यकता अनुसार उपयुक्त प्रविधि हस्तान्तरण गरिनेछ ।

६. यस पालिकामा आर्थिक तथा सामाजिक रुपमा उत्पीडनमा पारिएका समुदाय जस्तै- दलित, महिला, जनजाती, आर्थिक हिसावले विपन्न वर्ग, किसान, मजदुर र बेरोजगार व्यक्तिहरुलाई रोजगार सिर्जना गराई सो मार्फत लघु उद्यमको विकास गरिनेछ ।

७. उद्योग क्षेत्रमा आवश्यक जनशक्तिको दिगो विकास र क्षमता अभिवृद्धि गरिनेछ ।

८. नेपाल सरकार मन्त्री परिषद्को मिति २०७७/०७/०४ को निर्णयबाट पारित भएको गरिबी निवारणका लागि लघु उद्यमविकास कार्यक्रम संचालन निर्देशिका, २०७७ बमोजिम लघु उद्यम विकास मेड मोडेल बमोजिम सामाजिक परिचालन, उद्यमशीलता विकास तालिम, सीप विकास तालिम, वित्तीय सेवामा पहुँच, प्रविधिमा पहुँच बजारीकरण सहयोग तथा व्यवसायिक परामर्श तथा ६ वटा संघीय सरकारको ससर्त अनुदानमा संचालित गरिबी निवारणको लागी लघु उद्यम विकास कार्यक्रम (मेड्पा) सँग आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

## सहकारी तथा गरिवी निवारण

१. नेपाल सरकारको तीन खम्बे अर्थ नीति अनुसार माडी गाउँपालिकाले एक वडा एक सहकारीको नीति अवलम्वन गरी सहकारी संस्था क्रियाशिल नभएको वडामा सहकारी संस्था गठन गर्ने व्यवस्था मिलाइने छ ।

२. गाउँ गाउँमा उत्पादन भएको कृषि उपजहरुलाई सहकारी मार्फत खरिद गरी वजारीकरण गर्ने व्यवस्था मिलाईने छ ।

३. सहकारीलाई विश्वसनीय पारदर्शी र मर्यादित रुपले सदस्यहरुलाई सेवा प्रवाह गर्न सहकारीहरुको क्षमता विकास गरी नमुनाको रुपमा कुनै २ सहकारी संस्थामा डिजितल प्रविधिको प्रयोग गरी सेवा प्रवाह गर्न अनुदानको व्यवस्था मिलाईने छ ।

४. सहकारी मार्फत एक गाउँ एक उत्पादन एक घर एक उद्यम संचालन गरी गरिवी निवारण गर्न कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाईने छ ।

५. सहकारी संथाका सदस्यहरुलाई वित्तिय साक्षरता संचालन गरी सहकारीको माध्यमबाट छरिएर रहेको पुँजी संकलन गरी उत्पादनशील क्षेत्रमा लगानी गर्ने व्यवस्था मिलाईने छ ।
६. कृषक तथा उद्यमीहरुलाई व्यवसाय संचालन गर्न सहकारी मार्फत सहुलियत ऋण प्रदान गर्ने व्यवस्था मिलाईने छ ।
७. सहकारी मार्फत कृषि हाट बजार तथा सहुलियत पसल संचालन गर्न अनुदानको व्यवस्था मिलाईने छ ।
८. गरिव घरपरिवार पहिचान गरी उनीहरुको लागि विषेश कार्यक्रम संचालन गरिने छ ।
९. गरिवी निवारण कोषद्धारा संचालित सामुदायिक संस्थाहरुलाई व्यवस्थित गर्न सहकारी संस्थामा आवद्ध गर्ने व्यवस्था मिलाइने छ ।

**प्रधानमन्त्री रोजगारतर्फ :**

१. आ.व. २०७९/०८० को लागि १८-५९ वर्ष उमेर समुहका बेरोजगारमा सुचीमा सूचीकृत भई तोकिएको न्युनतम आम्दानी प्राप्त गर्ने रोजगार वा स्वरोजगारमा संलग्न नभएका वेरोजगार व्यक्तिहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रम तथा युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना (यति) अन्तर्गत कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना वा रोजगार सृजना कार्यक्रम मार्फत तोकिएको न्युनतम रोजगारमा संलग्न गराइने छ भने पालिका अन्तर्गत अन्य आयोजनाहरुमा थप रोजगारमुलक सेवा प्रदान गरिने छ ।
२. प्रधानमन्त्री रोजगार कार्यक्रम वाहेक अन्य रोजगारदाताहरुबाट रोजगारको क्षेत्र पहिचान गरी थप सुचीकृत वेरोजगार व्यक्तिहरुलाई रोजगार उपलब्ध गराउन पहल गरिने छ ।
३. गाउँपालिका, वडापालिका, निजी क्षेत्र र अन्य गैरसरकारी निकाय मार्फत कार्यान्वयन हुने आयोजनाहरुमा श्रमिकहरुलाई खटाउदा, सम्बन्धित निकायहरुसंग समन्वय गरी आयोजना पायक पर्ने वस्तीबाट सूचीकृत भएका वेरोजगार व्यक्तिहरुलाई पहिलो प्राथामिकता दिइने छ ।
४. प्रधानमन्त्री रोजगार कार्यक्रम, युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना (यति) अन्तर्गत संघीय सरकारबाट शर्सत अनुदानबाट प्राप्त भएको बजेट बाहेक यस पालिकाबाट पनि थप आवश्यक बजेटको व्यवस्था गरी रोजगारमा संलग्न नभएका सुचीकृत वेरोजगार व्यक्तिहरुलाई प्राथमिकिकरणको आधारमा न्युनतम रोजगार उपलब्ध गराइने छ ।
५. रोजगारमुलक आयोजनाहरुमा प्रयोग हुने स्थानीय तथा गैरस्थानीय सामाग्री, औजारहरु तथा सुरक्षा सामाग्रीहरुको खरिदका लागि आवश्यक बजेटको व्यवस्था गरिने छ ।
६. वेरोजगार व्यक्तिको सुचीमा सुचीकृत भई आयोजनामा खटिएका श्रमिकहरुलाई कार्य स्थलमा आधारित सीपमुलक तालिमको व्यवस्था गरी सक्षम एवं दक्ष जनशक्ति उत्पादन गरिने छ भने अन्य सुचीकृत व्यक्तिहरुलाई स्वरोजगार उन्मुख सीपमुलक तालिम प्रदान गरिने छ ।

७. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालन हुने आयोजनाहरु बाहेक गाउँपालिकाभित्रको अन्य श्रममुलक आयोजनाहरुमा श्रमिकहरु आपूर्ति गर्दा सुचीकृत वेरोजगार व्यक्तिहरुलाई नै प्राथमिकता दिई खटाइने छ ।
८. वैदेशिक रोजगार सम्बन्धी सम्बन्धित निकायबाट जारी भएका महत्वपूर्ण सूचनाहरु तथा जानकारीहरु रोजगार सेवाकेन्द्र मार्फत सम्प्रेषण गरिने छ ।
९. वैदेशिक रोजगारको शिलशिलामा मृत्यु भएका, घाइते अपाङ्गता भएका व्यक्तिहरुका लागि प्रदान गरिने क्षतिपूर्तिको लागि वैदेशिक रोजगार विभागसंग समन्वय गरी सोको प्राप्तिको लागि आवश्यक प्रकृयामा सहजीरकण गरिने छ ।
१०. रोजगारी सृजनाको आवश्यक आयोजनाहरु कार्यान्वयन गर्दा विशेष गरी कृषि क्षेत्रलाई टेवा पुग्ने खालको आयोजनाहरु छनौट गरिने छ ।
११. आ व २०७९/०८० देखि वैदेशिक रोजगारमा गएका र वैदेशिक रोजगारबाट विभिन्न कारणले फर्की आएका व्यक्तिहरुको विवरण संकलन गरी अभिलेख राखिने छ ।
१२. पदमार्ग, गोरेटोबाटो तथा घोरेटोबाटो जस्ता सामुदायिक पूर्वाधार आयोजनाहरु निर्माण तथा मर्मत सम्भार गर्दा श्रमिकहरुलाई नै परिचालन गरीने छ ।

## बहुक्षेत्रीय पोषण तर्फ :

१. सुनौला हजार दिनका महिला, बालबालिका तथा किशोरीमा हुने कुपोषणको अवस्था सुधार ल्याउने उद्देश्यका साथ नेपाल सरकारको प्राथमिकतामा रहेको कार्यक्रमको रुपमा बहुक्षेत्रीय पोषण योजनालाई संघ, प्रदेश र स्थानीय तहको साझेदारीमा संचालन गर्ने गरी हाल कार्यान्वयनमा रहेको छ । यस कार्यक्रमलाई प्रभावकारी तथा थप व्यवस्थित गर्न आ.व.२०७९/०८० लागि यस पालिकामा आवश्यक सम्पुरक कोष (Matching Fund) को रुपमा बजेटको व्यवस्था गरिनेछ ।
२. बहुक्षेत्रीय पोषण योजना अन्तर्गत पोषण मैत्री स्थानीय शासन (NFLG) अवलम्वन गर्न पोषणमैत्री वडा घोषणाका लागी विशेष अभियान संचालन गरिने छ । यसका लागि एक वडा एक नमुना गाउँको अभियान यसै वर्षबाट कार्यान्वयन गर्ने व्यवस्था मिलाईने छ । वडाले प्राप्त गर्ने बजेटबाट समेत बजेट विनियोजन गरी वडा घोषणा अभियानलाई विशेष प्राथमिकतामा राखी कार्य गरिनेछ
३. यस वर्ष २ वडालाई पोषण मैत्री वडा घोषणा गर्न कार्यक्रम संचालन गरिने छ ।
४. गाउँपालिकाको पोषण सम्बन्धि सूचना तथ्यांकहरुको व्यवस्थापनको कमी भएको कुरालाई महसुस गर्दै गाउँपालिकामा पोषणको क्षेत्रमा कार्यरत संघसंस्थाहरुको सहकार्यमा गाउँपालिका स्तरीय पोषण पाश्र्व चित्र (Nutrition Profile ) यसै वर्ष भित्र तयार गर्ने व्यवस्था मिलाईनेछ ।
५. सबै स्तरमा बहुक्षेत्रिय पोषण योजनाको तर्जुमा गरी त्यसको प्रभावकारी अनुगमन, सुशासन र पारदर्शिताको सुनिश्चितता गरिनेछ ।

६. नेपाल सरकारले प्रदान गर्दै आएको बालपोषण भत्ता र सुनौलो हजार दिनका आमा, बच्चा तथा किशोरीहरुमा पोषणयुक्त आहारको पहुँचमा सुनिश्चितता गरिनेछ ।

७. विपन्न हजार दिनका आमा तथा किशोरीहरुको लागि आर्थिक सहायता र पोषण प्रवर्द्धनको लागि अनुदानको व्यवस्था मिलाईनेछ ।

८. कार्यक्रमालाई प्रभावकारी कार्यान्वयन गर्नका लागि थप जनशक्तिको व्यवस्था, तालिम तथा क्षमता विकास गरी कार्यक्रमको नियमित अनुगमन र प्रभावकारी रुपमा संचालन गर्न समुदाय तथा घर परिवारलाई प्रोत्साहन गर्ने नीति लिईनेछ

९. दिगो विकास लक्ष्य हासिल गर्न तोकिएको कार्यमा पोषणको महत्वपूर्ण भूमिका रहेकाले एक घर एक करेसावारी बाह्रै महिना हरिया तरकारी कार्यक्रम कार्यान्वयनका लागि विषयगत शाखाको सहकार्यमा आगाडी बढाईनेछ ।

१०. पोषण सुधार गर्ने कार्यको लागि तालिम तथा प्रशिक्षणको व्यवस्था गरी नियमित अनुगमन गरिनेछ।

११. पोषण प्रोटोकल अनुसार सवै प्रकृया पुरा गरेका उत्कृष्ट हजार दिनका आमा तथा निजका घर परिवारहरुलाई प्रोत्साहन तथा सम्मान गर्ने व्यवस्था मिलाईने छ ।

## फोहोर मैला व्यवस्थापन नीतिः

१. कुहिने नकुहिने फोहोरहरु धातुजन्य, प्लाष्टिकजन्य फोहोर छुट्याई पुनः प्रयोग गर्ने व्यवस्था मिलाउन आवश्यक पहल गरिनेछ ।

२. टोल सुधार समितिको गठन गरी सो समितिको क्रियाशीलता बढाई समितिका पदाधिकारीका लागि तालिमको व्यवस्था गरिनेछ । टोल सुधार समितिसँग सहकार्य गरी बजार सरसफाइ अभियानलाई निरन्तरता दिईनेछ ।

३. घर्तिगाउँ बजारको फोहोरमैला व्यवस्थापनको लागि ज्वाबाङ डम्पिङ साईटलाई थप व्यवस्थित गरिनेछ ।

### सूचना तथा संचार प्रविधि तर्फः

१. गाउँपालिकाको कार्य सम्पादनलाई छिटोछरितो, प्रविधिमैत्री, पारदर्शी र गुणस्तरियता कायम गर्दै सूचना तथा प्रविधिको अधिकतम उपयोग मार्फत शासन प्रणालीलाई स्थानीय तहबाट नै सूदृढिकरण गरिनेछ ।

२. सेवाग्राहीको लागि जारी गरिने नागरिक वडापत्रलाई अद्यावधिक गरी सबै तह विभाग र वर्गको पहुँचमा पुऱ्याउनको लागि लागु गरिएको सूचना बोर्ड, मोबाइलमा एप्स सामाजिक संजाल र वेबसाइट मार्फत जानकारी गराई नागरिकको सुचनामा सहज पहुँच पुऱ्याउने व्यवस्थाको थप सूदृढिकरण गरिनेछ ।

३. गाउँपालिकाका हरेक सूचना तथा वडा कार्यालयहरुको विवरण, कार्यक्रमहरु मासिक/ चौमासिक/ वार्षिक प्रतिवेदन, लेखा प्रतिवेदन, अनुगमन प्रतिवेदन, आयव्यय विवरण सार्वजनिक सुनुवाई ऐन कानुन निर्देशिका, कर शुल्कहरु र कार्यालय सम्पर्क विवरण वेबसाइट/ एप्स मार्फत नियमित उपलव्ध गराईनेछ।

४. गाउँपालिकाको विकास तथा सेवा प्रवाहको क्रममा नागरिक स्तरबाट आउने जनगुनासो, सेवाग्राही तथा कर्मचारीको गुनासो सुनुवाई र सकारात्मक सुझावहरु संकलन तथा कार्यान्वयन गर्नका लागि संचालनमा ल्याइएका विधुतीय प्रणाली मार्फत जस्तै टोल फ्री सेवा र अनलाईन सेवालाई थप व्यवस्थित गरिनेछ ।

५. चुस्तदुरुस्त सेवा प्रवाहका लागि आवश्यक इन्टरनेटका लागि फाइवर लाईनको व्यवस्था गरिनेछ । सम्पूर्ण वडा तथा विद्यालयमा इन्टरनेट सेवाको पहुँच पुऱ्याई (Paper Less) सेवाका लागि ईमेल इन्टरनेट मार्फत पत्राचार, सूचना तथा जानकारी आदानप्रदानको व्यवस्था गरिनेछ ।

६. सेवाग्राहीहरुको सुविधालाई मध्यनजर गर्दै गाउँपालिकामा हेल्पडेस्क तथा सोधपुछ कक्षबाट प्रवाह हुने सेवाको छुट्टै व्यवस्था गरिनेछ ।

७. गाउँपालिका, वडा कार्यालय, स्वास्थ्य चौकी, माध्यमिक विद्यालयमा विद्युतीय हाजिरीको केन्द्रीकृत (Centralized) सिस्टमको व्यवस्था गरी दैनिक हाजिरी अभिलेखको व्यवस्था गाउँपालिकामा गरिनेछ

८. गाउँपालिकामा राजश्व अभिलेख चुस्त दुरुस्त राख्नका लागि राजश्व सफ्टवेयर र खरिद इकाई सफ्टवेयर समेत व्यवस्था गरिनेछ ।

९. गाउँपालिकाबाट कार्यान्वयन हुने ठुला योजना, कार्यक्रममा वित्तीय जोखिम न्यूनीकरणका लागि निर्माण र खरिद प्रक्रियालाई बढी पारदर्शी र प्रतिष्पर्धात्मक बनाउन वार्षिक खरिद योजना बनाई E-Biddinig लाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । उक्त कार्यका लागि कार्यालयका जनशक्तिलाई तत्सम्बन्धी तालिमको व्यवस्था गरिनेछ ।

१०. सेवा प्रवाह चुस्तदुरुस्त संचालन गर्नका लागी कर्मचारी, जनप्रतिनिधि, विद्यालय कर्मचारीलाई इमेल इन्टरनेट र आधारभूत कम्प्युटर तालिमको व्यवस्था गरिनेछ ।

११. माडी गाउँपालिका भित्र सञ्चारको पहुँच नभएको स्थानमा सुविधा विस्तार गर्नको लागि सम्बन्धित निकायमा पहल गरीने छ ।

## न्याय व्यवस्थापन सम्बन्धि नीति :

१. समाजमा उत्पन्न भएका र हुन सक्ने संभावित विवादहरुलाई निर्मुल पार्न कोसिश गरिने छ ।

२. समाजमा पिछडिएका वर्ग, क्षेत्र, लिंग र समुदायको न्यायमा सहज पहुँच पुऱ्याउन समय समयमा सचेतनामुलक कानुनी शिक्षा र आवश्यकता अनुसार कार्यक्रमको समेत आयोजना गरिनुका साथै सोको लागि सम्बन्धित क्षेत्रका विज्ञलाई हायर गरिने छ ।

३. कानुनका ज्ञाताहरुद्धारा न्यायीक समितिका पदाधिकारीहरु, जनप्रतिनिधिहरु, कर्मचारीहरुका साथै सरोकारवालाहरुलाई मागमा आधारित तालिम र तालिम प्राप्तहरुका लागि पुनताजिकीकरण हुने खालको कार्यक्रमको उचित व्यवस्था मिलाइने छ ।
४. सुचीकृत मेलमिलापकर्ताहरुलाई पुर्नताजकी तालिमको दिने कार्यक्रमको व्यवस्था मिलाइने छ ।
५. न्यायीक समितिमा दैनिक कृयाकलाप संचालन गर्दै आएका कानुनी सल्लाहकारलाई निरन्तरता दिइने छ ।
६. असमर्थ पक्षलाई निशुल्क कानुनी सहायता उपलब्ध गराउन कानुनी सल्लाहकारलाई जिम्मेवारी तोकिनेछ ।
७. अदालत, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय लगाएत अन्य सरकारी कार्यालयसम्म न्यायीक पहुँचका लागि सरकारी कार्यायलहरुमा दिनुपर्ने निवेदन तयार गर्न कानुनी सल्लाहकारको सहयोगद्धारा सहजीकरण गरिने छ ।
८. सेवा, सेवाप्रदायक र सेवा प्राप्तीको प्रकृया बारेमा आवश्यक जानकारी उपलब्ध गराइने छ ।
९. सरकारी कार्यालय र नागरिकको बीचमा सहजीकरण गरिने छ ।
१०. स्थानीय न्यायीक समितिलाई चुस्त दुरुस्त बनाउनुको साथै व्यवस्थित इजलाशको निर्माण गरिने छ
११. न्यायको हकमा संघ र प्रदेशका कानुन मन्त्रालयले तोकेको कार्य गर्ने छ ।

**विधेयक सम्बन्धि नीति :**

१. आफ्नो क्षेत्राधिकारको अधिकतम प्रयोग गरी ऐन, नियम, नियमावली, निर्देशिका र कार्यविधिहरु निर्माण गरी तत्कालै स्थानीय राजपत्रमा प्रकाशनमा ल्याइने छ ।
२. कानुनको शासनलाई अभ्यासमा ल्याउन सरोकारवालाहरुको सहभागीतामा ऐन, नियम, नियमावली, निर्देशिका र कार्यविधिहरुको मस्यौदालाई गाउँसभाद्धारा पास गरी स्थानीय राजपत्रमा प्रकाशन गरीने छ ।
३. स्थानीय तहले बनाएका सम्पुर्ण कानुनहरु स्थानीय राजपत्रमा प्रकाशन गरी कानुन बमोजिम संघ र प्रदेशको कानुन मन्त्रायमा पठाइने छ भने आवश्यकता अनुसार माग भएमा सम्बन्धित कार्यालयहरु र व्यक्तिहरुलाई समेत निशुल्क रुपमा उपलब्ध गराइने छ ।
४. पालिकाको आवश्यकता अनुसार ऐन कानुनहरु बनाइने छ भने पुरानालाई कानुन बमोजिम संशोधन समेत गर्न सकिने छ ।

**राजश्व सम्बन्धि नीति :**

१. राजश्व संकलन व्यवस्थित गर्नको लागि सफ्टवेयरको व्यवस्था गरिनेछ ।
२. आन्तरिक राजश्व वृद्धि गर्नका लागि राजश्वका दायराहरू विस्तार गरिनेछ ।
३. राजश्व परामर्श समितिको वैठक मार्फत बजार मुल्य निर्धारण गरिने छ ।

४. प्रत्येक चौमासिकमा बजार अनुगमन गरिने छ ।

गाउँ सभाका सदस्यज्यूहरु,
अन्य उपस्थित महानुभावहरु,

यो नीति तथा कार्यक्रम प्रस्ताव गर्दा सुदृढ अर्थतन्त्र निर्माण गर्ने, स्वस्थ र सक्षम जनशक्ति विकास गर्ने, विकासलाई समावेशी, जनमुखी, नतिजामुखी, सामाजिक न्यायमा आधारित बनाउने, सुशासन कायम गराउने र सम्वृद्धि माडी गाउँपालिकाको दिर्घकालीन उद्देश्य प्राप्त गर्ने ध्ययलाई केन्द्रमा राखिएको छ । यो नीति तथा कार्यक्रमबाट जनताको सहभागिता साथै सबै खाले सामाजिक विभेदको अन्त्य, नागरिक सवलिकरण, ज्ञान र सीप तथा नव प्रवर्द्धनमा आधारित उत्पादन प्रणाली प्रविधि विकास मार्फत श्रमको उत्पाकत्व वृद्धिको अवस्थाले समाजवादको मार्ग प्रशस्त गर्दछ भन्ने मेरो विश्वास छ ।